# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खोपवा, बारा
प्रदेश नं. २, नेपाल
स्थापित २०७३

## प्रेस विज्ञप्ती

कुनै पनि देशको विकास, नीति तथा योजनाहरुको कार्यान्वयन त्यहाँका तटस्थ, ईमान्दार तथा लगनशिल एवम् कर्मशील कर्मचारीमा निर्भर गर्दछ । निस्वार्थ तथा प्रभावकारी सेवा प्रवाह नै धर्म हो भन्ने कुरालाई आत्मसात् गरी यस बारागढी गाउँ कार्यपालिकाको कार्यालयमा निरन्तर सेवा प्रवाहमा अहोरात्र खटिरहनु भएका कर्मचारीहरुलाई आज मिति २०७७/०४/१४ गतेका दिन वडा नं.४ नयाकाटोलका केही मानिसहरुद्धारा राजनितिक पूर्वाग्रहमा परी बदनियतपूर्ण रुपले कर्मचारीको सेवाप्रवाहसँग सरोकार नै नभएको विषय लिएर सेवाप्रवाह गरिरहनु भएका कर्मचारीहरुलाई धाक धम्कीपूर्ण व्यवहार गरिनु, गालिगलौच गरिनु, कर्मचारीलाई आफनो कक्ष बाहिर निकाली कार्यालयमा ताल्चा लगाईनु तथा फोटो खिची सामाजिक सञ्जालमा समेत पोष्ट गरी चरित्र हत्या गर्न खोज्नु लगायतका घटना प्रति सम्पूर्ण गाउँपालिका परिवार घोर निन्दा र भर्त्सना गर्दछ ।

विगत केही आर्थिक वर्षदेखि बारागढी गाउँपालिकाको सम्रग विकासको गति तिव्र रुपमा बढिरहेको तथा सेवाप्रवाह एंवम सुशासनका सुचकहरु पनि सुधारोन्मुख रहेको कुरा सम्पूर्ण गाउँपालिका बासीलाई अवगत नै छ । तथापि केही स्वार्थसिद्ध, विकास विरोधी समूहद्धारा पटक पटक कर्मचारीसँग सरोकार नै नभएको विषयलाई लिएर कर्मचारीहरुलाई अभद्र व्यवहार गरिनु, ताल्चा लगाउनु र पछि आफ्नो गल्ती स्वीकार गरी माफी समेत माग्नु जस्ता कार्यहरुबाट नायँ जोश जाँगरसहित समाज परिवर्तनको दिशामा डटेर लाग्नु भएका सम्पूर्ण कर्मचारीहरुको मनोबल घटाउने जस्ता भएको कार्यहरुप्रति सम्पूर्ण गाउँपालिका परिवार खेद प्रकट गर्दै त्यस्ता खालका गतिविधिहरु पुन: दोहोरिन नदिन एवम् गाउँपालिकाबाट सम्पादित हुने कार्यलाई सहज र सुरक्षित किसिमले सम्पन्न हुने वातावरण मिलाउन सम्पूर्ण जनप्रतिनिधि एंवम् गाउँपालिका बासीलाई अनुरोध गर्दछ ।

मिति : २०७७/०४/१४

देवदत्त बढ्‌ार थारु
गाउँपालिका अध्यक्ष

website:-www.baragadhimun.gov.np
gmail adress:-baragadhi2073@gmail.com